# तेन्हौं सागको बजेट सार्वजनिक

**हिमालय टाइम्स**

**काठमाडौं** । १३औं साग बजेट निर्माण कार्यदलले १३औं सागका लागि विविध विषयमा अनुमानित ५, २६, ५७, ४२, ६७०.७३ (पाँच अर्ब २६ करोड सन्ताउन्न लाख बयालिस हजार ६ सय सत्तरी र पैसा ७३ मात्र) को बजेट प्रस्तुत गरेको छ ।



उक्त बजेट बजेट निर्माण कार्यदलका संयोजक तथा १३औं दक्षिण एशियाली खेलकुद तयारी तथा व्यवस्थापन समितिका सदस्य राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष पीताम्बर तिम्सिनाले आईतबार युवा तथा खेलकुद मन्त्रालयमा एक कार्यक्रम विच युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) समक्ष प्रस्तुत गर्नुका साथै बजेटको समष्टिगत रूपको पुस्तक मन्त्रीलाई प्रदान गरेका थिए ।

कार्यदलले प्रस्तुत गरेको बजेटमा राष्ट्रिय टिम तयारीतर्फ ८८ करोड, १२ लाख, ६८ हजार १५०, खेलस्थल व्यवस्थापनतर्फ ३ करोड ११ लाख, प्राविधिकतर्फ ३० करोड, ४० लाख, ६९ हजार, ९ सय, स्रोतसाधन परिचालनतर्फ २० लाख, सुरक्षातर्फ ५० करोड, २६ लाख १ हजार ८४०, आवस व्यवस्थापनतर्फ ४५ करोड ५२ लाख ८६ हजार, यातायात व्यवस्थापनतर्फ १५ करोड ७१ लाख ४ हजार छ ।

यस्तै स्वास्थ्यतर्फ ३ करोड, ४३ लाख ५२ हजार, प्रचारप्रसार तथा प्रकाशनतर्फ ८ करोड ९५ लाख ८ हजार ५ सय, समारोह व्यवस्थापनतर्फ ७१ करोड ४६ लाख ८२ हजार ९१.२०, स्वयंसेवक परिचालनतर्फ २ करोड, २ लाख ९७ हजार, अतिथि सत्कारतर्फ १ करोड २९ लाख ५ हजार, खेल सामग्री, उपकरण तथा पोशाक व्यवस्थापन सचिवालयतर्फ १ अर्ब २९ करोड ९१ लाख ५ हजार रुपैयाँ छ भने एन्टि डोपिङतर्फ ३ करोड ५४ लाख ६१ हजार, आयोजक समितितर्फ २७ करोड, ९९ लाख २७ हजार १ सय, आइटी व्यवस्थापनका लागि १९ करोड ६० लाख ७५ हजार तथा विविधमा २५ करोड छ ।

उक्त बजेट पुस्तक ग्रहण गर्दै मन्त्री सुनारले १३औं दक्षिण एशियाली खेलकुद राष्ट्को इज्जत, प्रतिष्ठासँग जोडिएको भन्दै सबै पक्षबाट यसलाई सफलतापूर्वक सम्पन्न गर्न अपिल गरे । उनले प्रतियोगिता सम्पन्न गर्न बजेटको निकैनै महत्त्वपूर्ण स्थान रहेको भन्दै त्यसै क्रममा १३औं दक्षिण एशियाली खेलकुद तयारी तथा व्यवस्थापन समितिको वैशाख २६ गते बसेको बैठकले समितिका सदस्य एवं राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष पीताम्बर तिम्सिनाको संयोजकत्वमा विभिन्न विज्ञ रहेको बजेट निर्माण कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले समयमानै आफ्नो कार्य सम्पन्न गरेको भन्दै कार्यदलका सम्पूर्ण सदस्यलाई धन्यवाद प्रदान गरे ।

बजेट विभिन्न क्षेत्रका दक्ष तथा विज्ञसँग छलफल गरी निर्माण गरिएको उपाध्यक्ष तथा बजेट निर्माण कार्यदलका संयोजक तिम्सिनाले बताए । संयोजक तिम्सिनाले बजेट निर्माण गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबैलाई धन्यवादसमेत प्रदान गरे ।

कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्ट, मन्त्रालयका सचिव कृष्णप्रसाद देवकोटाको पनि उपस्थिति थियो ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथायातायात मन्त्रालय**
**सडक बिभाग**
**संघिय सडक सुपरिबेक्षण तथा अनुगमन कार्यालय, इटहरी**
**सडक डिभिजन दमक**
**झापा**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति : २०७६/०३/०२*

यस कार्यालयबाट मिति २०७६/०१/३०गतेको हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रह न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| SN | Contract No. | Description of Works | Name of Successful Bidder | Bid Amount, NRs (including PS and VAT) |
|---|---|---|---|---|
| 1 | DRODMK/ 3373664/075/76-032 | Construction of Blacktopped Road at Garamuni Goldhap Bhutani Sibir Puhatubari Charali Road, Jhapa | M/S Jaljale Nirman Sewa, Arjundhara, Jhapa | 3,609,796.30 |

**डिभिजन प्रमुख**


4x8